22 November 2024

आकाशवाणी

मुख्य समाचार

- महाराष्ट्र अनि झारखण्डमा विधानसभा चुनाउको मतगणना भोलि
- प्रधानमन्त्रीले विश्वनेताहरूसित गर्नुभयो द्विपक्षीय बैठक
- भारतलाई विकसित राष्ट्र बनाउन देशवासीलाई राष्ट्र प्रथमको दृष्टिकोण अपनाउन राष्ट्रपतिको आग्रह
- दिल्लीको कानून व्यवस्थाको स्थितिमा ढिलाइ सहन नगरिने गृहमन्त्रीको भनाई
- सुरक्षा बलसँगको भिडन्तमा छत्तीसगढमा १० माओवादी मारिए, अनि
- भारतका चिराग शेट्टी र सात्विकसाइराज रङ्किरेड्डीको जोडी चाइना मास्टर्स ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा

मतगणना

महाराष्ट्र र झारखण्ड विधानसभा चुनाउको मतगणना भोलि हुनेछ। यी राज्यहरूसँगै १५ राज्यका ४८ विधानसभा सिटको उपचुनाउ र दुई लोकसभा सीटको उपचुनाउको लागि पनि मतगणना हुनेछ।

उत्तर प्रदेशका नौ, राजस्थानका सात, पश्चिम बंगालका ६, असमका पाँच, बिहार र पञ्जाबका चार–चार, कर्नाटकका तीन र केरल, मध्य प्रदेश र सिक्किमका दुई–दुईवटा निर्वाचन क्षेत्रका लागि उपचुनाउ भएको थियो। यसबाहेक छत्तीसगढ, गुजरात र उत्तराखण्डका एक-एक विधानसभा सीटमा पनि उपचुनाव भएका छन्।

केरलको वायनाड र महाराष्ट्रको नान्देड संसदीय क्षेत्रमा पनि उपचुनाव भएको थियो। यी उपचुनाउ यही महिनाको १३ र २० तारिक भएका थिए।

प्रधानमन्त्री - द्विपक्षीय बैठक

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो पाँचदिने नाइजेरिया, ब्राजिल र गुयानाको भ्रमणका क्रममा विश्व नेताहरूसँग अनेक द्विपक्षीय बैठकहरू गर्नुभएको छ। यस अवधिमा प्रधानमन्त्रीले ३१ वटा द्विपक्षीय बैठकमा भाग लिनुका साथै विश्व नेताहरुसँग वार्ता पनि गर्नुभयो।

श्री मोदीले नाइजेरियामा एक, ब्राजिलमा १० र गुयानामा नौवटा द्विपक्षीय बैठक गर्नुभएको थियो।

प्रधानमन्त्रीले इन्डोनेसियाका राष्ट्रपति, पोर्चुगलका प्रधानमन्त्री, इंग्ल्याण्डका प्रधानमन्त्री, चिलीका राष्ट्रपति र अर्जेन्टिनाका राष्ट्रपतिसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो। यसका साथै उहाँले सिंगापुर, दक्षिण कोरिया, इजिप्ट, अमेरिका र स्पेनका नेता, विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाका प्रमुख तथा पदाधिकारीसँग अनौपचारिक वार्ता र भेटवार्ता गर्नुभएको थियो। आफ्नो पाँच दिवसीय यात्राको सफल समापन पछि श्री मोदी स्वदेश फर्किनु हुँदैछ।

## राष्ट्रपति -हैदराबाद

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भारतलाई विकसित राष्ट्र बनाउन राष्ट्र प्रथमको दृष्टिकोण अपनाउन सबै देशवासीलाई आग्रह गर्नुभएको छ। आज हैदरावादमा आयोजित लोकमन्थनको चौथो संस्करणलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती मुर्मूले सबै नागरिकलाई देशको सांस्कृतिक र बौद्धिक सम्पदा बुझेर देशको अमूल्य परम्परालाई सुदृढ बनाउन आग्रह गर्नुभयो।

राष्ट्रपतिले विविधताले देशको एकतालाई सौन्दर्यको इन्द्रेणीमा बुनेको र राष्ट्रिय एकताको भावनाले धेरै चुनौती भए तापनि देशलाई एकताको सुत्रमा बाँधेको बताउनुभयो। उहाँले शताब्दीयौंदेखि भारतीय समाजलाई विभाजित र कमजोर बनाउने प्रयास भइरहेको बताउनु भयो। राष्ट्रपतिले कृत्रिम विभेदले प्राकृतिक एकतालाई तोड्न नसक्ने बताउँदै भारतीयताको भावनाले नागरिकले राष्ट्रिय एकताको मशाल जलाएर राखेको बताउनुभयो।

श्रीमती द्रौपदी मुर्मुले प्राचीनकालदेखि नै भारतीय विचारधाराको प्रभाव विश्वभरि फैलिएको र भारतको धार्मिक आस्था, कला, संगीत, प्रविधि, चिकित्सा प्रणाली, भाषा र साहित्यको प्रशंसा गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, भारतीय दर्शनले नै विश्व समुदायलाई आदर्श जीवन मूल्यहरू उपहारका रूपमा दिएको छ। उहाँले पुर्खाको गौरवशाली परम्परालाई बलियो बनाउनु हामी सबैको दायित्व हो, भन्नुभयो।

## सर्वोच्च न्यायालय - संसदीय सचिव

सर्वोच्च न्यायालयले हिमाचल प्रदेशमा संसदीय सचिवको रूपमा नियुक्त छ जना विधायकहरू विरुद्ध अयोग्यताको कार्यवाही सुरु गर्ने हिमाचल प्रदेश उच्च न्यायालयको आदेशलाई अर्को सुनुवाइ नभएसम्म रोकिदिएको छ।

यसअघि, उच्च न्यायालयले 2006 को कानूनलाई खारेज गरेको थियो जसले राज्य सरकारलाई विधानसभाका विधायकहरूलाई संसदीय सचिवको रूपमा नियुक्त गर्न अनुमति दिएको थियो। उच्च न्यायालयले यस्तो नियुक्ति लाभको पदमा परिणत हुने र विधायकलाई अयोग्य ठहराउन सक्ने धारणा राखेको थियो।

सर्वोच्च न्यायालयले यस अवधिमा कुनै पनि विधायकलाई सचिवको पदमा नियुक्त नगर्न आदेश दिएको छ।

## अमित शाह-दिल्ली पुलिस

गृहमन्त्री श्री अमित शाहले सरकारको अपराधप्रति शून्य सहनशीलताको नीति अन्तर्गत दिल्लीको कानून व्यवस्थाको स्थितिमा ढिलाइ सहन नगरिने बताउनुभएको छ। गृहमन्त्रीले आज दिल्ली पुलिससँग बैठक गरी कानून व्यवस्थाको वर्तमान अवस्थाको समीक्षा गर्नुभयो। बैठकमा केन्द्रीय गृह सचिव श्री गोविन्द मोहन, खुफिया ब्यूरो निर्देशक श्री तपन डेका, दिल्ली पुलिस आयुक्त र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। श्री शाहले दिल्लीवासीलाई पूर्ण रूपमा सुरक्षित महसुस गराउनु प्रत्येक पुलिसको व्यक्तिगत जिम्मेवारी हो भन्नुभयो। उहाँले बालकबालिका, महिला र ज्येष्ठ नागरिकको सुरक्षा दिल्ली पुलिसको प्राथमिकतामा रहेको बताउनु भयो।

**छत्तीसगढ-माओवादी भिडन्त**

**छत्तीसगढमा आज सुरक्षा बलसँगको भिडन्तमा कम्तीमा पनि १० जना माओवादी मारिएका छन् । सुक्मा जिल्लाको कोन्टा क्षेत्रमा माओवादीहरू बसेको सूचना पाएपछि सुरक्षा बलको संयुक्त टोलीले खोजी अभियान चलाएको थियो ।**

**यसैबीच भेज्जीको जंगल र पहाडमा सुरक्षाकर्मीसँगको भिडन्तमा यी माओवादी मारिएका हुन् । सबै माओवादीको शव फेला परेको छ । यसका साथै घटनास्थलबाट एके-४७ र सेल्फ लोडिङ राइफल सहित ठूलो संख्यामा हातहतियार प्राप्त गरिएको छ ।**

**धर्मेन्द्र प्रधान – रोजगारी**

**केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधान र श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले आज नयाँ दिल्लीमा रोजगारी तपाईंको ढोकामा शीर्षकको प्रतिवेदन जारी गर्नुभयो। यस अवसरमा श्री प्रधानले छ राज्यको विस्तृत प्रतिवेदनका लागि विश्व बैंक टीमको प्रशंसा पनि गर्नुभयो । उहाँले विश्व बैंकको टीमलाई अखिल भारतीय प्रतिवेदन जारी गर्न पनि सुझाउ दिनुभयो। श्री प्रधानले यस्ता प्रतिवेदनले जनसङ्ख्याको सशक्तीकरणका लागि नयाँ संरचना निर्माण गर्न र प्रगतिशील नीति बनाउन सरोकारवालाहरूलाई सहयोग पुग्ने बताउनु भयो।**

**प्रधानमन्त्री- मन की बात**

**प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आइतबार आकाशवाणीमा 'मन की बात' कार्यक्रममार्फत देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको ११६ औं शृङ्खला हुनेछ ।**

**यो कार्यक्रम आकाशवाणी र दूरदर्शनका सबै नेटवर्कहरू, आकाशवाणीको समाचार वेबसाइट र न्युज अन एआइआर मोबाइल एपमा पनि प्रसारण हुनेछ। हिन्दीमा प्रशारण भएको लगत्तै क्षेत्रीय भाषाहरूमा पनि कार्यक्रम प्रसारण हुनेछ ।**

IFFI - **गोवा**

**गोवामा आयोजन भइरहेको अन्तर्राष्ट्रिय फिल्म महोत्सवको ५५ औं संस्करणको आज दोस्रो दिन विभिन्न फिल्महरू प्रदर्शन भइरहेका छन्। विभिन्न विधा, भाषा र देशका ७० भन्दा बढी फिल्म आज प्रदर्शन हुदैछन्। यस अवसरमा धेरै चर्चित सिने व्यक्तित्वहरूको पनि उपस्थित रहेको छ। यसरी नै फिल्म बजारमा आज ठूलो संख्यामा चलचित्र उद्योगका निर्माता, वितरक र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।**

**क्रिकेट-भारत-अष्ट्रेलिया**

**भारत र अस्ट्रेलियाबीचको बोर्डर–गावस्कर ट्रफीको पहिलो टेस्ट क्रिकेट आज पर्थमा शुरु भयो । पहिलो दिनको खेल समाप्त हुँदा अस्ट्रेलियाले आफ्नो पहिलो पारीमा सात विकेट खर्च गरेर 67 रन बनाएर खेलिरहेको थियो। आज भारतको पनि सुरुवात कमजोर रह्यो र पूरा टीम पहिलो पारीमा 150 रनमा सीमित भयो।**

**यसअघि भारतले टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय गरेको थियो ।**

चाइना मास्टर्स

चाइना मास्टर्स ब्याडमिन्टन प्रतियोगितामा, भारतका शीर्ष डबल खेलाडी चिराग शेट्टी र सात्विकसाइराज रङ्किरेड्डीको जोडी सेमिफाइनलमा पुगेको छ।

आज क्वार्टरफाइनलमा डेनमार्कको किम एस्ट्रुप र एन्डर्स स्कार्प रासमुसेनलाई पराजित गरेर भारतीय जोडी सेमी फाइनलमा पुगेको हो। अर्कोतिर, पुरुष एकलको क्वाटरफाइनलमा भारतका लक्ष्य सेन र डेनमार्कका एन्डर्स एन्टोनसेनसित पराजित भएका छन्।

मुख्य समाचार फेरि एकपल्ट

- महाराष्ट्र अनि झारखण्डमा विधानसभा चुनाउको मतगणना भोलि
- प्रधानमन्त्रीले विश्वनेताहरूसित गर्नुभयो द्विपक्षीय बैठक
- भारतलाई विकसित राष्ट्र बनाउन देशवासीलाई राष्ट्र प्रथमको दृष्टिकोण अपनाउन राष्ट्रपतिको आग्रह
- दिल्लीको कानून व्यवस्थाको स्थितिमा ढिलाइ सहन नगरिने गृहमन्त्रीको भनाई
- सुरक्षा बलसँगको भिडन्तमा छत्तीसगढमा १० माओवादी मारिए, अनि
- भारतका चिराग शेट्टी र सात्विकसाइराज रङ्किरेड्डीको जोडी चाइना मास्टर्स ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनलमा